# राजविराज नगरपालिकाको संस्था दर्ता ऐन, २०८०

पारित मितिः २०८०/०६/१६

**प्रस्ताव :**

सामाजिक ,धार्मिक ,साहित्यक, सांस्कृतक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धनमा व्यवस्था गर्न बाञ्छनीय भएकोले , संबिधानको धारा, २२९ को उप-धारा (२) बमोजिम  राजविराज नगरकार्य"पालिकाले नगर सभा समक्ष। यो विधेयक प्रस्तुत गरिएको छ ।

१. संक्षिप्त नाम ,विस्तार र प्रारम्भ :

१) यस ऐनको नाम " संस्था दर्ता ऐन २०८०" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा  :

विषय वा प्रसंगले अर्को  अर्थ नलागेमा यस ऐन मा

(क) "संस्था "भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सास्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक सैद्धान्तिक, शारिरिक, आर्थिक, व्यवसायिक, परोपकारी कार्यहरुको विकास एवं बिस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ,संस्था,क्लब मण्डल,उपभोक्ता समिति,परिषद,आययन केन्द्र आदि सम्झनुपर्छ । सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) "प्रमुख " भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झःनुपर्छ ।

(ग "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजबिराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "प्रबन्ध  समिति " भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनुपर्छ ।

(ङ) " तोकिएको" वा "तोकिए बमोजिम "  भन्नाले यस विधेयक अन्तर्गत बनेको नियममा तोकिएको वा ताकिएको बमोजिम सम्झनुपर्छ ।

३.दर्ता नगरी संस्था खोल्न नहुने ।

यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हूदैन ।

४.संस्था दर्ता

(१) संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्याक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहितप्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम

(ख)उद्धेश्यहरुः

(ग)प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(घ)आर्थिक श्रोत ।

(ङ)कार्यालयको ठेगाना ।

(२)उपदफा(१) बमोजिम को निवेदन प्राप्त भएपछि प्रमुख प्रशाासकीय अधिकुतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण पत्र दिइन्छ ।

(३)प्रमुख प्रशाासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनुपर्नेछ र निबेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर नगरकार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४)उपदफा (३) बमोजिमको उजुरा प्राप्त भएपछि नगरकार्यपालिकाले आवश्यक जाचबुझ गरी त्यस्तो संस्थँ दर्ता मनासिव ठहराएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकिय अधिकृतले संस्था दर्ता गरिदिनुपर्नेछ ।

(५)नगर क्षेत्रभित्र व्यापा व्यवसाय संचालन गर्न व्याक्तिको हकमा एक वा एक भन्दाँ बढि व्याक्तिले न.पा.ले ताकेको मापदण्ड पुरा गरी सम्बधित शाखाको सिफारिसको आधारमा दर्ता गरी दिनु पर्नेछ ।

(६) यस दफा अन्तर्गत  दिइने प्रमाण- पत्रको ढाँचा,अवधि,नबीकरण र नबिकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) संस्था दर्ता नहुने अवस्थामा

दफा १२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

६. संस्थाको विघटन वा त्यसको परिणाम ।

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवंश सस्था विघटन भएमा त्यसस्तो संस्थाको सम्पुर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाकाजायजेथाले शामे सम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

७.नियम बनाउने अधिकार ।

यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

८.अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापाना गर्नुपर्ने ।

कूनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुटै व्यबस्था भएकोमा त्यस्तो संस्था सोही ऐन बमोजिममा दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१८.खारेजी वा बचाउ ।

(१) संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएको संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । सो को अभिलेखिकरण अनिवार्य न.पा.मा गराउनु पर्नेछ